**Public Affairs Section**
**Embassy of the United States, Maharajgunj**
Kathmandu Tel: 400-7200
असोज १, २०६४

## २००७ को डीभी चिट्ठा कार्यक्रमसम्बन्धी प्रक्रिया सम्पन्न

काठमाडौं - नेपालस्थित अमेरिकी राजदूतावासले सन् २००७ को डाइभर्सिटि भिसा (डीभी) कार्यक्रमसम्बन्धी मूल्याङ्कनको प्रक्रिया हालै सम्पन्न गरेको छ। डीभी चिट्ठा कार्यक्रमअन्तर्गत २००७ मा ११०० भन्दा बढी नेपाली नागरिकले संयुक्त राज्य अमेरिकाको आप्रवासी भिसा पाएर अमेरिकामा नयाँ जीवन शुरु गर्ने अवसर प्राप्त गरेका छन्। चिट्ठा पर्नेमध्ये ८५ प्रतिशत आवेदक आवश्यक न्यूनतम योग्यता तथा कानुनी प्रक्रिया पूरा भएका कारण भिसा पाउन सफल भएका थिए।

मूल्याङ्कनको यो प्रक्रियाअन्तर्गत अमेरिकी दूतावासबाट डीभी निवेदनहरुमा गरिएका निर्णयहरु पूर्णरुपले अमेरिकी कानुनमा आधारित रहेका थिए। डीभी-२००७ का आवेदकहरुमध्ये थोरै संख्या मात्र अर्थात १३ प्रतिशत शैक्षिक वा कार्यगत योग्यता पूरा नभएका कारण अमेरिकी कानुनअन्तर्गत भिसाका लागि योग्य भएनन्। आवेदकहरुमध्ये दुइ प्रतिशतले भने झूठा कागजात पेश गरेर आफूलाई गलत ढंगबाट प्रस्तुत गरेको पाइयो।

डाइभर्सिटि भिसा कार्यक्रम संयुक्त राज्य अमेरिकामा जातीय विविधताको प्रवर्द्धनका लागि ल्याइएको हो। यो कार्यक्रमले अमेरिकामा पहिलादेखि नै न्यून संख्यामा उपस्थिति भएका देशका नागरिकहरुलाई स्थायी बसोबासको भिसा प्रदान गर्दछ। सन् २००१ यता यो कार्यक्रमअन्तर्गत ७,८०० भन्दा बढी नेपाली अमेरिका गइसकेका छन्।

डाइभर्सिटि भिसाका लागि केही सरल तर निश्चित योग्यताहरु पूरा भएको हुनु आवश्यक छ, जुन आवेदनमै स्पस्टसँग लेखिएको हुन्छ। अमेरिकी राजदूतावासले डीभी कार्यक्रमलाई जतिसक्दो पारदर्शी बनाउने प्रयत्न गरेको छ ताकि कार्यक्रममा आवेदन दिने कि नदिने निर्णय गर्नुअघि नेपाली सर्वसाधारण योबारेमा राम्रो जानकारी होस्। यहाँबाट हरेक डीभी आवेदकले अंग्रेजी वा नेपाली भाषामा योसम्बन्धी विस्तृत विवरण प्राप्त गर्न सक्छन्।

सन् २००८ का डीभी चिट्ठा विजेताहरुको भिसा अन्तर्वार्ता अक्टोबर १, २००७ मा शुरु हुनेछ। त्यसैगरी २००९ को कार्यक्रमका लागि आवेदन अक्टोबर ३, २००७ देखि शुरु हुनेछ। कृपया अमेरिकी डाइभर्सिटि भिसाको योग्यता र आवदेनसम्बन्धी अद्यावधिक तथा पूर्ण जानकारीका लागि http://travel.state.gov मा हेर्नुहोला।

####